# हामीमा प्रभु येशू खीष्टको शक्ति



## पाष्टरीय तालीम पुस्तिका

## २५

## तालीम र वृद्धि

T&M ®

कसरी एक बुद्धिमानी इसाईले शैतानको शक्तिमाथि विजय हासिल गर्नसक्छ, त्यसको निम्ति अफ्रिकामा घटेका घट्नाहरु अनि निरीक्षणको आधारमा अमिनाको कथा तल दिइएको छ ।

## कथामा तल भनिएका कुराहरु पत्ता लाउनोस्:

## मानिसहरुको विश्वास गलत
## ठाउँमा पर्दा शैतानको प्रत्युत्तर

ती मानिसहरु मूर्ति, बूटी, अनि यस्तै अरु थोक लिएर मन्त्र गरी आत्मिक शक्ति जगाउनेहरुकहाँ आउँछन् । मूर्तिपूजा भनेको शैतान पुज्नु हो भनी धर्मशास्त्रले भन्दछ (लेवी १८:२१, गन्ती २५:३, १ कोरन्थी २०:२०, प्रकाश ९:२०)।



# शैतानले व्यर्थका चिन्हहरु सम्पन्न गर्न सीमित शक्ति प्रयोग गर्दछ ।

परमेश्वरले शैतान र त्यसका दूतहरुलाई केही शक्ति चलाउन दिनुहुन्छ, तर केही हदसम्म मात्र । झूटा चिन्हहरुद्वारा परमेश्वर र उहाँको वचनबाट हामीलाई टाडो पार्न अनि मानिसहरुमा डर ल्याउन खोज्छ, र कसैलाई सहयोग नभएको देख्न चाहन्छ (प्रस्थान ७, अय्यूब १ र २ अध्यायहरु, प्रकाश १६:१४)। शैतानले जे गर्नसक्छ त्यसलाई परमेश्वरले नै सीमित पार्नुहुन्छ । उदाहरणको लागि, त्यसले मानिसहरुलाई खीष्टबाट कहिल्यै अलग पार्न सक्तैन (रोमी ८:३८-३९)। जुन मानिसहरु भूतप्रेतसित डराउँछन्, उनीहरुमा आत्मिकी शक्तिको निम्ति विशेष चासो हुन्छ । उनीहरुमा भएको गहिरो डर र रीतिविधिले उनीहरुको जीवनलाई चलाएको हुन्छ । तिनीहरुमध्ये धेरैले औषधिहरुको दुरुपयोग गरेका हुन्छन् । जहाँ अघि खीष्टको बारेमा प्रचारिएको थिएन, अब उनीहरुलाई दासत्वमा पारिरहेको शैतानिक आत्माहरुको भन्दा येशूको शक्ति अझ महान रहेछ भनेर जब मानिसहरुले चाल पाउँछन्, सयौं अनि हजारौं मानिसहरु प्रभुमा आउँछन् ।

# शैतानले मानिसहरुको ध्यान खोज्छ ।

त्यसले जानाजानी गरेको घमण्डको कारण शैतान स्वर्गबाट खसेको हो । सर्वोच्च परमेश्वरलाई दिइएको ध्यान उसले पाउन चाहेको थियो (यशैया १४)। मानिसको ध्यान प्रशंसा गर्ने होस्, दोष लाउने, डराउने वा रीतिविधि गर्ने, जेसुकै होस्, त्यसलाई मतलब छैन । शैतानको जोरजुलूमका विभिन्न छली रुप, जस्तै दुष्टात्माहरुमा अति बढी रुची देखाउने काम, बारे येशूले आफ्ना चेलाहरुलाई चेतावनी दिनुभयो (लूका १०:१७-२०)। येशू र उहाँका प्रेरितहरुले कहिल्यै पनि त्यसलाई खोज्नुभएन । त्यसले घाइते मानव मार्फत आफूलाई प्रकट गर्न पाउँदा उहाँहरुलाई गाली गरेको थियो । (उदाहरण: मर्कूस १:२१-२७)

# दुष्टात्माले सर्वनाश ल्याउने झूटहरु मात्र बोल्छ

शैतान चाहिँ झूटहरुको पिता हो (यूहन्ना ८:४४)। 'दुष्टात्माको सिद्धान्त' भनिने यस प्रकारको झूट प्राय: जसो मानिसहरुलाई विनाशकारी व्यवहारमा ल्याउने खालको हुन्छ जस्तै भोजनहरुबाट अलग बस्ने शिक्षाहरु (१ तिमोथी ४:१-५)।

जब कुनै प्रकारले दुष्टात्माहरु प्रकट हुन्छन्, जब विश्वासीहरुले ख्रीष्टको नाउँमा तिनीहरुबाट निक्लिजानको निम्ति आज्ञा गर्न सक्छन् (प्रेरित १६:१७-१८)। दुष्टात्माबाट पेलिएकाहरुले आफ्ना पापहरु मानिलिनै पर्छ, सारा तन्त्रमन्त्रको अभ्यास त्याग्नुपर्छ अनि येशूमा भरोसा गर्नैपर्छ (प्रेरित १९:१३-२०)। हामी तिनीहरुको निम्ति यो निश्चयता दिलाउन चाहन्छौं कि ख्रीष्टले उहाँको मृत्यु र पुनरुत्थानद्वारा शैतान र त्यसको सेनालाई सदाको निम्ति पराजित गरि सक्नुभएको छ (कलस्सी २:१५)।

जसै निम्न कथा पढ्नुहुन्छ, त्यहाँ के पत्ता लाउनुपर्ने हो विचार गर्नोस्:

- गलत ठाउँमा (मूर्तिपूजा, अथवा तन्त्रमन्त्र) मा गरिएको विश्वासप्रति दुष्टात्माहरुले प्रत्युत्तर गर्दछ ।
- दुष्टात्माहरुमा छली चिन्हहरु सम्पन्न गराउने सीमित शक्ति हुन्छ ।
- दुष्टात्माले मानिसबाट कुनै पनि प्रकारको ध्यान आकर्षित गर्न चाहन्छ ।
- दुष्टात्माले विनाशकारी झूट बोल्दछ ।

येशूको महाशक्ति अघि दुष्टात्मा पराजित भएको हुन्छ । (हामी येशूको नाउँमा दुष्टात्माबाट पेलिएकाहरुलाई छुटकारा दिलाउँछौं, उनीहरुलाई आफ्ना पापको पश्चाताप गराउन अनि सबै तन्त्रमन्त्रका अभ्यासहरु परित्याग गर्न सहयोग गर्दछौं)।

# अमिनाको कथा

आफ्नो पति इब्रालाई फतिमाले भनिन्, "म मेरो छोरी अमिनालाई दुष्टात्माबाट सुरक्षित राख्न चाहन्छु ।" उनले तीन जना नानीहरु जन्मँदै अनि दुइजना चाहिँ पाचँ वर्ष पुग्नु अघि गुमाएकी थिइन् । अविवाहित अवस्थामा नै गर्भवती भएकी एक जना छोरीले परिवारमा कलङ्क ल्याउनुभन्दा बरु कुवामा हाम फालेर मरिन् । अब अमिना मात्र बाँचेकी छिन् अनि एक दिन उसले नाती जन्माउने छिन् भनेर इब्रा र फतिमाले आशा गरेका छन् । फतिमाले अमिनाको भुँडीमा बाँधिदिनको लागि धेरै दाम पर्ने इस्लामी बुटी किनिदिएकी थिइन् ।

"तर कुनै शक्तिशाली आत्मिकी शक्तिले त्यो सुरक्षित घेरालाई तोड्यो भने ?" इब्राले भन्यो ।

“दुष्टात्मालाई पन्छाउनको लागि म ‘भ्याम्ब’ खाँबाहरु गाड्नेछु ।”

आफ्ना आत्मिकी शक्ति रुखवरिपरि बाँधीराख्न स्त्रीहरुले रुखको वरिपरि भ्याम्ब खाँबाहरु गाड्ने गर्थे ।

अमिना ठूली भइन् अनि इब्राले आफ्नो भतिजोलाई पहिलो पत्नी तुल्याउन उसलाई सुम्पिदियो । दाइजोमा पाएको र कमको आधा भाग त अमिनालाई सुरक्षा गर्ने आत्मा चिन्न मस्जिदमा रातभर तन्त्रमन्त्र गर्नेलाई दिइयो । उसले अमिनालाई भन्यो, “तिमी जहाँ बस्छौ त्यो घरको एक चोखो कुनामा दिनमा दुइपटक अलिकति दूध पोखाउनु ।”

समय बित्यो तर कुनै नानी भएन । बढो चंखो भएर अमिनाले दिनहुँ आफ्नो सुरक्षाको आत्मासंग प्रार्थना गर्ने गर्थी । तर कुनै सुनाइ भएन । तब उसको काकी आइन् जसले अल्लाह तथा अगमवक्तासंग अमिनाले नानी जन्माउन् भनेर प्रार्थना गरिन् । काकीले एकदिन बिहान भनिन्, “अल्लाहले मलाई सपना दिएका छन् । अमिनाले एक सुन्दर बालक

जन्माउने छ। तर त्यो दुष्टात्माले एक कुखुराको बलि माग गरेको छ अनि नानी नजन्मिउञ्जेल अमिनाले खसीको मासु खानु हुँदैन भनेर भनेको छ।"

"हामीले खाने खास खाना नै खसीको मासु मात्र हो, तर म छोरो पाउन जे पनि गर्न तयार छु" भनेर अमिनाले भनिन्। तीन महिनासम्म उनले केवल अन्न खाइन् तर उनी गर्भवती भइनन्। उनी दुबली भइन्। उनी अब्दुसंग रोइन् अनि भनिन्, "मलाई त्यागेर छोरा पाउनसक्ने अर्की विवाह गर्नको लागि तपाईलाई तपाईको परिवारले कर लाउने छ होला।"

एउटा खसी उपहार लिएर अमिना र अब्दु अर्को इमामकहाँ गए। मस्जिदमा कति दिन नसुती त्यस पवित्र व्यक्तिले उनीहरुलाई भने, "अमिनाको आत्माले यसलाई एक छोरो दिनेछ, तर यसले यसको माग बढाएको छ। तिमीले एक भेडा बलि दिनुपर्छ, अनि अमिनाले भात र सबै प्रकारको मासु खान छोडनु पर्ने छ।"

अघि नै दुबली भइसकेकी अमिनाले यो पनि पालन गरिन्। उनी बिरामी परिन् तर ईष्टदेवको आज्ञा उल्लंघन गर्न डराइन्। विवाह विच्छेद र लाजको डरले गर्दा, उनले खाना कम खाइर

हिन् अनि अन्तमा काम गर्नै नसक्ने गरी कमजोरी भइन् । अब्दुको पिताले त भनिहाल्यो कि अमिना अब उसकै बाबुआमाको घरमा जाऊन् । दुःखलाग्दो कुरो, उसले अमिनाको लागि बस टिकट पनि ल्याइदिएछ । यता घरमा चाहिँ अमिनाले थोरै खान्थिन् अनि रुँदै निमको रुखमुनि गुन्द्री ओछ्याएर सुतिरहेकी हुन्थिन् । कहिले-काहिँ उनले दुष्ट कुराहरु बोलेर अनि अनौठो स्वरमा गाली गरेर अर्कै व्यक्तिको अभिनय गर्थिन् । उनी राती काँप्थिन् अनि उनले वर्षौं दूध पोखाउँदै आएको कुनाबाट केही आइरहेको देख्थिन् । अब उनी अति रिसाउने भएकी थिइन् । एक छिमेकीले उसलाई भन्यो, “जब आत्मालाई चोट पुऱ्याउने काम हुन्छ, तब धेरै आइमाईहरु मरेका मैले देखेकी छु ।”

उसले जवाफ दिइन्, “मृत्युपछि म के गर्नेछु ? के अल्लाह र अगमवक्ताकहाँ जाने साँघुरो पुल तर्न सकुँला ? कि म चिच्याउँदै नरकतिर खसालिउँला ? मलाई सुरक्षा दिने ईष्टदेवले मलाई घृणा गर्छ, मेरो परिवार अशक्त छ, अनि अब्दुको परिवारले मलाई त्यागेका छन् । कसरी म अन्तिम न्यायमा उभिन सकुँला ? बरु म चुपचाप मरेकै ठीक छ ।”

अर्को गाउँबाट ममदू नाउँको एक इसाई महिनामा एक पटक अल्लाह र 'ईसा' (येशू मसीहको निम्ति अरबी भाषा) को बारेमा कुरा गर्न आउने गर्थे। शुक्रबारको प्रार्थनामा आउने मानिसहरुलाई इमामहरुले भने कि, "ममदूको सन्देश खतरनाक छ। ऊ अल्लाहको शक्ति अघि उभिन सक्तैन। हामी प्रमाणित गरेर देखाइदिनेछौं।" जब ममदू अर्को पटक त्यहाँ आए, सारा मानिसहरुले उनलाई घेरा हाले।

त्यसपछि के भयो अमिनाको बाबु इब्राले भन्यो। इब्राले सोंचेको थियो कि ममदू डरछेरुवा भएर भाग्ने छ। ममदूले त ईसाको नाउँमा परमेश्वरलाई प्रार्थना गऱ्यो अनि मानिसहरुलाई भन्यो, "तपाईहरुलाई शान्ति होस्!" सारा आत्माहरुले तिनीहरुको शक्ति प्रयोग गरुन् भनी जेठो इमामले अल्लाहसंग प्रार्थना गऱ्यो। कोरानको पवित्र वचन लेखिएको पाटीबाट झरेको चकको धूलो घोलिएको पानीद्वारा दुइ जनाले हात धोए। तिनीहरुले भीडको बीचमा ड्रम ल्याए, अनि त्यसैमाथि बञ्चरो तेर्साइदिए। इमामले आत्माहरुसित मन्त्र जप्यो र जादूगिरी चलायो। जब बञ्चरो एक मीटर माथि उठ्यो, हावामा अल्झिरहयो, अनि भुइँमा ढलेको देख्दा सबै जना निःशब्द बने। उनीहरुले अल्लाहको प्रशंसा गरे। बूढो इमाम थाकेको जस्तो देखिए पनि ढुक्क बन्यो। उसले ममदूलाई चुनौती दियो, "अब तिम्रो ईसाले के गर्नसक्छ, हेरौं त?"

इब्राले सोंच्यो कि अल्लाहले केही महान काम गरुन्, शायद स्वर्गबाट आगो बर्सेर बञ्चरो खरानी पारिदिऊन् भनेर ममदूले प्रार्थना गर्नेछ। तर ममदूले त यसो पो भन्यो, "त्यस्ता चिन्हहरु ता दुष्ट र व्यभिचारी पुस्ताको निम्ति हो भनेर ईसा मसीहले चेताउनी दिनुभएको छ। म उहाँकै नाउँमा अल्लाहसित प्रार्थना गर्नेछु।" उसले बढो शान्तभावमा प्रार्थना गऱ्यो, "अल्लाह, तपाईले आफ्नो बारेमा बुझाउन आफ्नो मसीह पठाउनुभयो, तपाईको निम्ति अन्तिम बलिदान हुन, अनि तपाईले उहाँलाई तपाईको सिंहासनमा तपाईसंग र हनलाई फेरि जीवित पारी व्युँताउनु भयो। उहाँकै नाउँमा म यी दुष्टात्माहरुलाई बाँध्दछु। आमेन्।" तब मुख्य इमामतिर फर्केर उसले यति मात्र भन्यो, "ल अब फेरि गर्नोस्।"

इमामले फेरि आत्माहरुलाई बोलायो, तन्त्रमन्त्र गऱ्यो अनि र हस्यात्मक पदहरु भन्यो। मानिसहरुले बञ्चरो धोएर ड्रममाथि राखे। उनीहरु सक्दो चिच्याएर कराउन थाले। मानिसहरुले पर्खेर हेरिबसे तर बञ्चरो ड्रममाथि त्यतिकै रहिर हचो। थाकेर तिनीहरु घरतिर फर्के।

पछिबाट ममदूकै गाउँमा गएर इब्राले ममदूसँग भन्यो, “इमामहरुसित भन्दा महान शक्ति त ईसासित पो रहेछ। उहाँ किन मर्नुभयो अनि व्युँतनुभयो ? के उहाँ मेरी छोरी अमिनालाई खतम पार्ने आत्माभन्दा बढी शक्तिशाली हुनुहुन्छ ?”

धेरै पटकको भेटघाट पश्चात इब्राले हात जोडेर आकाशतिर हेऱ्यो अनि पुकाऱ्यो, “अल्लाह, म एक दुष्ट मानिस हुँ। म मैले पाएको सम्पूर्ण दु:खको निम्ति योग्यको रहेछु। म जस्ता मानिसहरुलाई क्षमा गर्न तपाईले मसीहलाई पठाउनुभयो भनी म विश्वास गर्दछु। उहाँ तपाईको निम्ति मेरो बलिदानको रुपमा मर्नुभयो, अनि तपाईले उहाँलाई व्युँताउनु भयो। तपाईले अनन्त जीवन दिनुहुन्छ। तपाई भला हुनुहुन्छ। तपाईले मलाई मेरा दुष्ट कामहरुबाट बचाउनोस्। म दुष्टात्माहरुलाई त्याग्दछु अनि तपाईसित चतुऱ्याइँ गर्ने हरेक प्रयासको काम त्याग्दछु।” आँखाभरि आँसु पारेर इब्राले ममदूसित सोध्यो, “मेरो परिवारको चाहिँ के हुनेछ ?”

उसले तिनीहरुको निम्ति प्रार्थना गरुन् भनी ममदूले इब्रालाई सल्लाह दियो अनि उसले त्यसै गऱ्यो। उसले पछिबाट फतिमालाई ईसाको बारेमा बुझाउन खोज्यो तर निकै गाह्रो

भयो । उसले कराएर भनिन्, “हे मेरो पतिदेव, तिमी त बूढो र बुद्धू भयौ कि क्या हो !” तर, धेरै दिन पश्चात, उसले इब्रालाई धेरै शान्त, कम्ति रिसाउने अनि बढी आनन्दित देख्न पाइन् ।

ममदूले इब्रालाई भेटेर पवित्रशास्त्रबाट पढी सिकाउने गर्थ्यो । दुष्ट पूजाहारीहरुलाई ईसाले बुद्धिमानी उत्तर दिनुभएको सुनेर फतिमा हाँस्थिन् । कसरी ईसाले बिरामीहरुलाई निको पार्नुभयो, गरीबहरुलाई खुवाउनुभयो अनि स्त्री जातिहरुलाई दया देखाउनु भयो, यी सबै जानेर अमिना रुन्थिन् । इब्राले अमिनालाई भन्यो, “तिम्रो ईष्टदेवले अब तिमीलाई चाँढै मर्न दिनेछ । तिमीबाट र हाम्रो घरबाट चाँडै यो हटोस् भनेर म ईसासंग प्रार्थना गर्नेछु । ममदूले हामीलाई सत्य देखाएको छ ।” इब्राले छोटकरीमा ईसासंग प्रार्थना गऱ्यो । अमिनाले पनि रुँदै प्रार्थना गरिन्, “ईसा मलाई सहायता गर्नोस् । म साह्रै डराएकी छु ।” ममदूले उनीहरुलाई सिकाए जस्तै गरी उसले आफ्ना पापको पश्चाताप गरिन्, अनि तन्त्रमन्त्र र आत्मासित बात मार्ने सारा अभ्यासहरु त्यागिन् । त्यसपछि सुत्नलाई तिनले प्रार्थना गरिन् ।

बिहानै, परिवारको खाने ठाउँमा बसी अमिनाले खसीको मासु खाइरहेकी इब्राले भेटचो। उसले भनी, “पापा, अँध्यारो गइसकेको छ !” इब्राले घुँडा टेकी अल्लाहलाई प्रशंसा चढाए ।
तीन महिनामा अमिना बलियो भइन् अनि आफ्नो पति अब्दूकहाँ फर्किन् । एक वर्ष पछि अमिनाको बालक नानीको अर्पण सेवाबाट इब्रा र फतिमा फर्किरहेका थिए ।

# अभ्यासको काम:

- परमेश्वरले हामीलाई दुष्टात्माको शक्तिको विरुद्ध आत्मिक संघर्ष गर्न हातहतियार दिनुहुन्छ (एफिसी ६:१०-२०)। हातहतियार के हो त्यसबारेमा होशियारीपूर्वक पढ्नोस् अनि त्यसको प्रयोग गर्नोस् ।

- के तपाईले दुष्टात्माहरुबाट बारम्बार पेलिएका मानिसहरु चिन्नुहुन्छ ? यदि उनीहरुले छुटकारा चाहन्छन् भने तिनीहरुको निम्ति खीष्टको नाउँमा प्रार्थना गरिदिनोस् । यसको निम्ति विशेष प्रार्थनाको खाँचो पर्नसक्छ, शायद उपवास बस्ने, इत्यादि ।

- कुनै रुपमा आफूलाई प्रकट गरी दुःख दिने दुष्टात्मालाई येशूको नाउँमा हकार्नोस्, तर येशूले गर्नुभएको भन्दा बढी ध्यान यसमाथि नलाउनोस् ।

- यसको बन्धनमा परेकाहरुलाई उनीहरुको पाप स्वीकार गर्न अनि अझसम्म गरिल्याएको तन्त्रमन्त्र त्याग्न सहायता गर्नोस् ।

- ख्रीष्टमा उनीहरुको निम्ति क्षमादान छ, सारा दुष्टात्माहरुमा भन्दा बढी शक्ति येशूमा छ, अनि उहाँले क्रूसीकरणको बलिदान र मृत्युबाटको बौरी उठाइद्वारा शैतानलाई पराजित गर्नुभएको छ भनी तिनीहरुलाई निश्चित पारिदिनोस् ।



कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

# Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

025NP01A-01